## आ.व. २०७९।०८० को विसौं कार्यपालिका बैठक

आज मिति २०८०।०१।२८ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्ट ज्यूको अध्यक्षतमा तथा तपिशल बमोजिमका सदस्यहरुको उपस्थितमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु यस प्रकार छन् ।

**उपस्थिति**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | नेव बहादु वली, राप्ती गाउँपालिका । |

**आमन्त्रित**

जिवराज पौडेल पशु सेवा शाखा

तुल बहादुर कुँवर मगर

नारायण राउत स्वा.शा.

सीता पौडेल

## प्रस्तावहरु

१. स्वास्थ्य सेवा विस्तार सम्बन्धमा ।

२. संस्थागत विद्यालयको अनुमति सम्बन्धमा ।

३. यसै गाउँपालिकाको फोहोरमैला व्यवस्थापन तथा सरसफाई श्रोत केन्द्र सञ्चालन सम्बन्धमा ।

४. विविध ।

## उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

निर्णय नं.१- सिसहँनिया स्वास्थ्य चौकीमा X-Ray सेवा, फार्मेसी सेवा र लालमटिया स्वास्थ्य चौकी प्रस्तावित भालुवाङ(५० शैया ) मा CEONC र Indoor सेवा सञ्चालन गर्ने । उक्त सेवाहरु संचालन गर्दा जनशक्ति कम भई अतिरिक्त समय काम गरेबापतको पारिश्रमिक कर्मचारी प्रोत्साहन कार्यविधि २०७७ बमोजिमको सेवा उपलब्ध गराउने ।

निर्णय नं.२- खुर्सेनिया आधारभुत स्वास्थ्य केन्द्रबाट मसुरिया, प्रगतिटोल, नयाँबस्ती , ६५ नम्बर लगायतका बस्तीहरुमा सेवा ग्राहीहरुलाई सेवा दिन आवश्यक रहेकोले हाल उपलब्ध जनशक्तिबाट मसुरिया स्थित खोप भवन र खुर्सेनिया आधारभुत स्वास्थ्य केन्द्र भवनबाट प्रदान गरिने स्वास्थ्य सेवा प्रवाह गर्ने ।

निर्णय नं.३: संस्थागत विद्यालयको अनुमति शुल्क देहायबमोजिम निर्धारण गर्ने ।

- मा.वि.कक्षा ११- रु ५०,०००/-
- मा.वि.कक्षा १२- रु ८०,०००/-

निर्णय नं. ४- राप्ती गाउँपालिका वडा नं.२ कटाहा टोलको मिति २०८०।०१।२० गतेको निर्णय, वडा नं. २ वडा कार्य समितिको मिति २०८०।०१।२० को निर्णय तथा २ नं. वडा कार्यालयको च.नं १३३२ मिति २०८०।०१।२१ को सिफारिस पत्र बमोजिम यस गाउँपालिकाको वडा नं. २ को कटाहा पुण्यपुर स्थित जग्गामा व्यवस्थित फोहोरमैला संकलन तथा सरसफाई श्रोत केन्द्र स्थापना र संचालन गर्न निम्न कार्यहरु तत्काल गर्ने निर्णय गरियो ।

- प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।
- फोहोरमैला संकलन तथा सरसफाई श्रोत केन्द्रको संरचना निर्माण गर्न लाग्ने लागत अनुमान अनुसारको रकम रु ५००००००श्रोत सुनिश्चितता गर्ने ।
- फोहोर वर्गीकरण गरी नियमित उठाउन र शुन्य फोहोरको अवधारणा अनुरुप उपयुक्त संस्थाबाट उद्यान विकास गरी सो क्षेत्रको रोजगारीको सिर्जना गर्ने ।
- फोहोरमैला व्यवस्थापनका लागि स्थल उपलब्ध गराउने वडाको लागि थप १ वडा बराबरको बजेट तथा कार्यक्रम थप गर्ने ।
- एक घर एक विरुवा कार्यक्रम संचालन गरी कटाहा गाउँमा विरुवा उपलब्ध गराउने ।

निर्णय नं. ५- लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका क्षेत्रमा घर निर्माण र जग्गा रोक्का रहेको अवस्थामा लुम्बिनी सरकारकै गौरवको आयोजना लुम्बिनी प्रदेश सरकारको प्रशासकीय भवन निर्माण कार्य राप्ती उपत्यका देउखुरी ढाडमा बोलपत्र भई निर्माण कार्य प्रारम्भ गर्न भवनको नक्सा पासका लागि लेखिआएकोले सोही भवनको प्रयोजनका लागि मात्र नक्सा पास गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।